# प्रेस विज्ञप्ती

आयोगको पोखरा कार्यालयको वि.नं. १३१०४-१०९/०७४/०७५ स्वास्थ्य सेवा हेल्थ इन्सपेक्सन समूह, चौथो श्रेणी अ.हे.व. पदको मिति २०७५/८/९ गते लिइएको अन्तर्वार्तामा बोलाइएका दक्ष विज्ञ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको छानविनको दायरामा परेको सन्दर्भमा यस आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

लोक सेवा आयोग नियमावली, २०६७ को नियम २८ मा अन्तर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्था अनुरूप अन्तर्वार्ताको पूर्णाङ्कको अधिकतम सत्तरी प्रतिशत र न्यूनतम चालीस प्रतिशतको सीमा भित्र मूल्याङ्कन गर्ने व्यवस्था भएको । केन्द्र बाहेकका कार्यालयहरूमा आन्तरिक रूपमा अन्तर्वार्ताको अधिकतम र न्यूनतम सीमा अझ घटाइ ६० देखि ७० प्रतिशत गर्ने गरिएको । खामको जोर्नी जोर्नीमा अनिवार्य रूपमा दुवैतिर पर्ने गरी दस्तखत गर्ने/गराउने प्रचलन रहेको छ । खाम बन्द गर्दा सीलछाप संख्या, समय र मिति समेत उल्लेख हुने गरेको छ ।

यस्तै लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिकाको नियम ५० को अधिनमा रही तोकिएको फाराममा सीमा भित्र रही अंक प्रदान गरी आफ्नो नाम, पद, दस्तखत र अन्तर्वार्ता लिएको मिति समेत उल्लेख गरी हस्ताक्षर सहित मूल्याङ्कन गर्ने व्यवस्था छ । यसरी अन्तर्वार्ताको कार्यक्रम समाप्त भएपछि अन्तर्वार्ता समितिका सदस्यले आफुले भरेको अन्तर्वार्ता प्राप्ताङ्क फाराममा प्रदान गरिएको अंक एक अर्काले नदेख्ने गरी पट्याई खाममा राखिदिनु पर्नेछ र समितिका सदस्यको रोहवरमा सीलबन्दी गरी सम्बन्धित सदस्यको दस्तखत समेत गरी सम्बन्धित कर्मचारीले बुझिलिनु पर्ने व्यवस्था रहेको छ ।

अन्तर्वार्ताको मूल्याङ्कन फाराम परिवर्तन गर्न नसकुन भन्ने अभिप्रायले यसरी अन्तर्वार्ता प्राप्ताङ्क फाराम पट्याई खाममा राख्नु पर्दा राजपत्र अनङ्कित पदको हकमा अन्तर्वार्ता समितिका सबै अन्तर्वार्ता मूल्याङ्कन फारमको पछाडी सबै सदस्यले दस्तखत समेत गरी राख्ने प्रचलन छ ।

अन्तिम नतिजा प्रकाशन गर्नु पूर्व लिखित परीक्षाको सीलवन्दी खाम, सीप परीक्षणको सीलवन्दी खाम र अन्तर्वार्ताका सीलवन्दी खाम सहिसलामत दुरुस्त छन्, छैनन् हेरी जाँची सो को मुचुल्का समेत गरी मिति, समय र सीलवन्दीको संख्या समेत उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खोल्ने व्यवस्था छ ।

यसै सन्दर्भमा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली र आयोगका श्रीमान् सचिव श्री महेन्द्रप्रसाद गुरागाईंबाट यस आयोगको पोखरा कार्यालयमा मिति २०७५/८/१९ गतेदेखि २०७५/८/२० सम्म निरीक्षण गर्दा देहाय बमोजिमको अवस्था देखिएको ।

लोक सेवा आयोग धनकुटा कार्यालयले लिखित परीक्षाको नतिजा प्रकाशन गरेको, उक्त लिखित परीक्षाको अंक रहेको सीलवन्दी खाम १ (सीलवन्दी पाँचवटा) सहित पोखरा कार्यालयमा सुरक्षित देखिएको । अ.हे.व.को लागि लिइएका अन्तर्वार्ता मूल्याङ्कन फाराम समेत भएको मूल्याङ्कन सीलवन्दी सुरक्षीत अवस्थामा देखिएको ।

मिति २०७५/८/९ गते दिनको ११:०० र २:०० बजे डा. तारानाथ पौडेल दक्षको रूपमा सहभागी भएको र निजको हस्ताक्षर सहितको सीलवन्दी खाम (सीलवन्दी थान -७ रहेको) सुरक्षित रहेको । अन्तर्वार्तामा उपस्थित रजिस्टरमा निजको हस्ताक्षर सहित अभिलेख देखिएको ।

समग्रमा माननीय अध्यक्ष र श्रीमान् सचिवको निरीक्षणबाट लोक सेवा आयोग पोखरा कार्यालयले निष्पक्षता तथा गोपनीयता कायम गर्न अवलम्वन गर्नुपर्ने सबै विधि र प्रक्रिया अवलम्वन गरेको देखिएको भएता पनि मिति २०७५/८/९ गते लिइएको अ.हे.व. पदको अन्तर्वार्तामा सहभागी गराइएका दक्ष/विज्ञ डा. तारानाथ पौडेलले अन्तर्वार्ता पश्चात गरेका काम कारवाहीका सन्दर्भमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गिरफ्तार गरी छानवीन अगाडि बढाएको सन्दर्भमा उक्त दिनको दक्षको मूल्याङ्कन छानविनको दायरामा परेको अवस्था हुँदा सो दिनको मूल्याङ्कन फारम यथावत् राखी उपस्थित उम्मेदवारहरूलाई छुट्टै अन्तर्वार्ता समिति गठन गरी अन्तर्वार्ता लिन र सो का आधारमा अन्तिम नतिजा प्रकाशन गर्न आयोगको पोखरा कार्यालयलाई निर्देशन गरिएको छ । भ्रष्ट र गलत मनोवृत्तिका दक्ष/विज्ञको कृयाकलापबाट आयोगको स्वच्छता र पवित्रतामा कुनै असर पर्न नदिइने हुँदा आयोगको काम, कर्तव्य र कारवाही बारे कुनै भ्रममा नपर्न सम्बन्धित सबैमा आयोग अनुरोध गर्न चाहन्छ ।

मिति : २०७५/०८/२१

लोक सेवा आयोग

(किरणराज शर्मा)
प्रवक्ता/सहसचिव
लोक सेवा आयोग